## ७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया :

माथिको तालिकामा तयार भएको बजेटको लागि श्रोतको अनुमान गर्दा संघ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न संघ संस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत हिसाब गरि बजेटको अनुमान गरिएको छ। यसरी योजनामा पाँच वर्षका लागि आवश्यक पर्ने व्यहोर्ने श्रोतको हिसाब गर्दा अपुग हुने बजेट समेत उल्लेख गरी सोका लागि श्रोत पूर्तिका विकल्पको समेत प्रस्तावना गरिएको छ।

## ७.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन :

योजना कार्यान्वयन गर्दा वार्षिक रुपमा तय भएका योजना तथा कार्यक्रमलाई वार्षिक रुपमा संघ, प्रदेश र स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिक रुपमा श्रोत सुनिश्चतताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गरिएको छ। योजना निर्माण गर्दा स्थानीय तहको पाँच वर्षे वजेट सहितको वार्षिक योजनामा उल्लेखित क्रियाकलापलाई केन्द्रित भई वार्षिक वजेट तथा कार्यक्रम तयार गरि कार्यान्वयन रणनीति तयार गरिएको छ।

# परिच्छेद ८ अनुगमन तथा मूल्याङ्‌कन

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैनन् भन्ने सुनिश्चितताको लागि एउटा संयन्त्र निर्माण गरी कार्यकम कार्यान्वयनको लक्ष्य तथा प्रगतिका बारेमा समय तालिका अनुसार निरीक्षण, पर्यवेक्षण, निगरानी, पूर्ननिरीक्षण, रेखदेख, जाँचबुझ भौतिक रुपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो । यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ । यसरी नै मूल्याङ्‌कनले शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता, सान्दर्भिकताको लेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरिन्छ । अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा गरिन्छ भने मूल्याङ्‌कन सम्बन्धी कार्यक्रमहरूको सञ्चालनका चरणहरु साथसाथै कार्य सम्पन्न भएपछि पनि गरिन्छ । स्थानीय स्तरमा सञ्चालन भएको शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायीपूर्ण बनाउनको लागि अनुगमन तथा मूल्याङ्‌कन अनिवार्य छ ।

कैलारी गाउँपालिकाको १० वर्षे शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनुगमन तथा मूल्याङ्‌कनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य, रणनीति एवं यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मूल्याङ्‌कन प्रणालीको विकासका लागि गाउँपालिका भित्रका सबै वडाहरुमा सञ्चालित सामुदायिक विद्यालय, संस्थागत तथा निजी विद्यालयहरु, बालविकास तथा सिकाई केन्द्रहरुमा संचालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन, ढाँचा, साधन, विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## ८.१ वर्तमान अवस्था :

अवलोकन तथा मूल्याङ्‌कनलाई योजनाको अभिन्न अंगका रुपमा लिँदै हाल विद्यमान रहेको गाउँ शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउदै आवश्यक मानवीय तथा भौतिक व्यवस्थापनमा जोड दिँदै पालिका प्रमुखको अध्यक्षतामा रहेको गाउँ शिक्षा समितिबाट आवश्यक रूपमा बैठक बसि कार्य प्रगति समीक्षा हुने गर्दछ । त्यसैगरी गाउँपालिकाको शिक्षा शाखाबाट पनि शैक्षिक गतिविधि तथा गाउँपालिका भित्र रहेका विद्यालयहरुको अनुगमन र मूल्याङ्‌कन भइरहेको छ । अनुगमन तथा मूल्याङ्‌कनका लागि विद्यालय क्षेत्र विकास योजना, चालू आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई आधार लिई सोको विवरण

आवश्यकताका आधारमा शिक्षा विकास तथा समन्वय इकाई, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पुऱ्याउने प्रबन्धमा गरिएको छ।
हाल आएर स्रोतकेन्द्र/ स्रोत व्यक्ति नभएको र विद्यालय निरीक्षण गर्ने स्पष्ट जिम्मेवारी सहित विद्यालय निरीक्षकको व्यवस्था पनि नभएको अवस्था छ।

❖ **अवसर तथा चुनौतीहरु :**

क) मापनयोग्य सूचकहरूको निर्धारण गरी सोसँग सम्बन्धित दक्षता र सीप भएका जनशक्ति तयार गर्ने ।
ख) अनुगमन कार्यलाई नियमित र प्रभावकारी बनाउन पर्याप्त स्रोत साधनको प्रबन्ध गर्ने।
ग) अनुगमन तथा मूल्याङ्कन कार्यमा सूचना तथा प्रविधिको उपयोग गर्ने।
घ) क्षेत्राधिकार सहितको स्पष्ट अनुगमन संयन्त्र निर्माण गरी कार्यान्वयन गर्ने।
ङ) पालिकाभित्र रहेका विद्यालयबाट योग्य तथा दक्ष शिक्षकहरूको सहयोगमा कार्यक्रम अनुगमन गर्ने।
च) स्थानीय स्तरमा विज्ञ समूह गठन गरी उक्त समुह मार्फत विद्यालय अनुगमनको थालनी गर्ने
छ) विद्यालय अनुगमन तथा मूल्याङ्कन कार्यमा शिक्षा क्षेत्रका साझेदार संघसंस्थाहरु,विद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक संघ लाई उत्प्रेरित गर्ने।

## ८.२ उद्देश्यहरु :

१. स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु
२. योजनाको निर्माण देखि प्रयोग तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु।

## ८.३ रणनीतिहरु :

१. संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार बीच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिनेछ।
२. गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति गठन गरि समग्र शैक्षिक कार्यक्रमको अनुगमन गरिनेछ।
३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी IEMIS का सूचकको आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ।
४. जननिर्वाचित प्रतिनिधि स्रोत विज्ञ र शिक्षा, युवा तथा खेलकुद शाखाबाट नियमित रुपमा अनुगमन गरिनेछ।

५. विद्यालय तहमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ ।
६. स्थानीय विज्ञ समूहलाई थप जिम्मेवार बनाई विद्यालयको अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित गरिनेछ ।
७. विद्यालय अनुगमन तथा मूल्याङ्कन संगै शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पुर्‍याउने पद्धतिको विकास गरिनेछ ।
८. विद्यालयको अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउन शिक्षा संग सम्बद्ध निकायहरुको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको आयोजना गरिने छ ।

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा :

### क) उपलब्धि तथा नतिजा :

१. योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतीहरु समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने ।
२. आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।
३. सूचकमा आधारित अनुगमन प्रणाली लागु हुने ।
४. अनुगमनका आधारमा नतिजा सुधार हुने ।
५. अनुगमन तथा मूल्याङ्कनका लागी संस्थागत संरचना तथा क्षमता विकास हुने ।
६. विद्यार्थी उपलब्धि तथा विद्यालय कार्यसम्पादन परीक्षण थप व्यवस्थित र नियमित गरी त्यसका नतिजाका आधारमा थप सुधार गर्ने प्रणाली विकास हुने ।

## ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य:

| क्र.स | क्रियाकलाप | एकाइ | लक्ष्य | | | | | | बाँकि ५ वर्षको लक्ष्य | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 1 | 2 | 3 | 4 | 5 | जम्मा | | |
| १ | एकिकृत शैक्षिक अनुगमन तथा मूल्यांकन संयन्त्रको निर्माण | पटक | ३ पटक | ३ पटक | ३ पटक | ३ पटक | ३ पटक | १५ | ३२ विद्यालयमा | |

| क्र.स | क्रियाकलाप | एकाइ | लक्ष्य | | | | | | बाँकि ५ वर्षको लक्ष्य | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 1 | 2 | 3 | 4 | 5 | जम्मा | | |
| २ | अनुगमन तथा मुल्याङकन मार्गदर्शनको निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | नतिजाका आधारमा अनुगमन सूचकहरु तयारी र अद्यावधिक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ३२ विद्यालयमा | |
| ४ | वार्षिक तथा चौमासिक समीक्षा प्रर्तिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३२ विद्यालय | |
| ५ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३२ वटा विद्यालय | |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० पटक | |
| ७ | वडास्तरीय अनुगमन प्रणालीको विकास तथा कार्यान्वयन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३२ वटा विद्यालय | |
| ८ | विद्यालयहरुको लेखापरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | नियमित रुपमा अनुगमन मूल्याङ्कन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३२ वटा विद्यालय | |
| | जम्मा लाखमा रु -५ लाख | | | | | | | | | |

## ❖ सन्दर्भ सामग्री :

१. नेपालको संविधान् २०७२, कानून किताब व्यवस्था समिति
२. उच्च स्तरीय कार्यदलका प्रतिवेदन २०५५, शिक्षा मन्त्रालय, काठमाण्डौं
३. उच्च स्तरीय कार्यदलका प्रतिवेदन २०५८, शिक्षा मन्त्रालय, काठमाण्डौं
४. चौधौं (त्रिवर्षीय) योजना (२०७३) राष्ट्रिय योजना आयोगको सचिवालय, काठमाण्डौं
५. विद्यालय क्षेत्र सुधार कार्यक्रम मूल दस्तावेज (२०६६–२०७२) शिक्षा मन्त्रालय, काठमाण्डौं
६. विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३–२०८०), शिक्षा मन्त्रालय, काठमाण्डौं
७. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभाग, थापाथली काठमाण्डौं
८. शिक्षा ऐन (संशोधन सहित), २०२८, कानुन किताब व्यवस्था, समिति, काठमाण्डौं
९. शिक्षा नियमावली (संशोधन सहित), २०५९ कानुन किताब व्यवस्था समिति, काठमाण्डौं
१०. स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाण्डौं
११. निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, काठमाण्डौं
१२. दिगो विकास लक्ष्य २०१७–३० राष्ट्रिय योजना आयोग, काठमाण्डौं
१३. उच्च स्तरीय कार्यदलको प्रतिवेदन शिक्षा मन्त्रालय, काठमाण्डौं
१४. नेपाल सरकारको कार्यक्रम बजेट २०८०/८१ , काठमाण्डौं
१५. १६ औं योजनाको आधारपत्र
१६. Emis रिपोर्ट कैलारी गाउँपालिका
१७. सरोकारवालाहरूसँगको छलफल

## ❖ योजना तर्जुमा :

योजना निर्माण/अद्यावधिक कार्यदलको बैठक बसि योजना निर्माणको खाका विषयमा आवश्यक छलफल गरि विभिन्न सरोकारवालाहरुबाट समेत आवश्यक राय सुझाव लिइ योजना निर्माण/अद्यावधिकको कार्यलाइ अगाडि बढाउन मिति २०८२/०१ / १० र ११ गते २ दिने कार्यशाला गोष्ठी राखी योजना अद्यावधिक गर्ने विषयमा छलफलका साथै समूह विभाजन गरी विभिन्न परिच्छेदहरुमा कार्यहरु गरिएका।

योजना निर्माण/अद्यावधिकका चरणमा गरिएका प्रमुख क्रियाकलापहरु :

१. निर्माण कार्यदलबाट योजना खाका अध्ययन गरिएको,
२. सामुदायिक विकास केन्द्र डोटीको प्राविधिक सहयोग र यस गाउँपालिकाको आयोजनामा अध्यक्ष, उपाध्यक्ष सबै वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत, शिक्षाविद, प्रधानाध्यापक, वि.व्य. स.,

शिक्षक अभिभावक संघका पदाधिकारीहरु, साझेदार संस्थाका प्रतिनिधि, शिक्षा शाखा र अन्य सम्बन्धित शाखाका पदाधिकारीहरु एवम् विज्ञको सहभागितामा पहिलो दुई दिने कार्यशाला मिति २०८२।०१।१० र ११ गतेमा सञ्चालन गरिएको थियो । कार्यशालामा शिक्षा क्षेत्रका विभिन्न योजनाहरुको लक्ष्य उद्देश्यहरुको प्रस्तुति समीक्षा गरि स्थानीय तहमा शिक्षा क्षेत्र विशेष गरि विद्यालय शिक्षामा देखिएका समस्या चुनौती अवसरहरु प्राथमिकताका क्षेत्रहरु पहिचान गर्ने कार्य गरिएको थियो । सोही कार्यशालाबाट रणनीति कार्यनीतिहरु पहिचान गर्ने कार्य गरिएको थियो । स्थानीय शिक्षा क्षेत्र योजना निर्माणका लागि सरोकारवालहरु वीच १ दिने कार्यशाला मिति २०८२।१।१२ गतेमा राखी आएका सुझावहरुलाई योजनामा समाबेश गरीयो ।

## अनुसुची -१

### कार्यक्रम तथा बजेट

| क्र स | क्रियाकलाप | अवधी ( वर्ष) | बजेट |
|---|---|---|---|
| १. | उत्कृष्ट सिकाइ उपलब्धि हासिल गर्ने विषयगत शिक्षकलाई सम्मान गर्ने | २०८२ | ५ लाख |
| २. | विपन्न लक्षित छात्रवृत्ति त्को व्यवस्थापन | प्रत्येक वर्ष | ६० लाख |
| ३. | एक विद्यालय एक स्वास्थ्य किटको व्यवस्थापन | २०८३ | ४ लाख |
| ४. | विद्यालय नर्सिङ स्टाप व्यवस्थापन | २०८४ | १० लाख |
| ५. | राम्रा सस्थागत र सामुदयिक विद्यालयहरु विच अनुभव आदान आदानप्रदान कार्यक्रम सचालन गर्ने । | २०८२ | ५ लाख |
| ६. | शिक्षकहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने | २०८१–२०९१ | ५ लाख |
| ७. | ECD शिक्षकहरु विच सिकाई आदानप्रदान कार्यक्रम संचालन गर्ने | २०८२ | १० लाख |
| ८. | एक शिक्षक एक कम्प्यूटरको व्यवस्थापन गर्ने | २०८५ भित्र | १५० लाख |
| ९. | माध्यामिक विद्यालयमा ICT को माध्यामबाट शिक्षण प्रविधिको व्यवस्थापन गर्ने । | २०८८ भित्र | २०० लाख |
| १०. | अभिभावकको सक्रियता बढाउन वि.ब्य.स,शि.अ.सं , विद्यार्थी र शिक्षकहरु विच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | ५० लाख |
| ११. | अभिभावक र कक्षा शिक्षक सँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | १० लाख |
| १२. | प्रत्येक विद्यालयमा SIP निर्माण साथै प्रत्येक वर्ष अध्यावधिक गरि कार्यान्वयनमा ल्याउने | निरन्तर | ५० लाख |
| १३. | हरित विद्यालयको अवधारणा बारे शिक्षकहरुलाई तालिमको व्यवस्थापन गर्ने | निरन्तर | ३ लाख |
| १४. | शिक्षा क्षेत्रको गुणस्तर कायम गराउनको लागि त्रैमासिक रुपमा गाउँपालिका र वडा कार्यालय बाट अनिवार्य रुपमा अनुगमन गर्ने | निरन्तर | ५ लाख |
| १५. | कमजोर विद्याथीहरुका लागि अतिरिक्त कक्षाको व्यवस्थापन गर्ने | निरन्तर | ७५ लाख |

| | | | |
|---|---|---|---|
| १६. | ECD बाट नै विद्यार्थीहरुको शिकाइ सुधार गर्नको लागि शिक्षा शाखा, गाउँपालिका ,वडा कार्यालय , प्रधानाध्यापक र सरोकारवालाहरु सहितको  कक्षा अनुगमन गर्ने। | निरन्तर | ५० लाख |
| १७. | कम्तीमा एक वडामा एक नमूना प्रारम्भिक बालविकास केन्द्र र एक नमूना विद्यालयको विकास गर्ने  छ। | निरन्तर | १ करोड |
| १८. | विद्यालयमा नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी र सरोकारवालाहरुको क्षमता अभिबृद्धि गरिने । | निरन्तर | १५ लाख |
| १९. | कार्य सम्पादनका आधारमा प्रत्येक बर्ष उत्कृष्ट विद्यालय, विद्यार्थी र शिक्षक छनौट गरी पुरुस्कृत गर्ने। | निरन्तर | २० लाख |
| २०. | विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी लक्षित छात्रवृत्ति, शैक्षिक सामग्री उपलब्ध गराइ उनीहरुको शैक्षिक निरन्तरतामा जोड दिइने। | निरन्तर | १० लाख |
| २१. | विद्यालयमा बालबालिका भर्ना गरेका अभिभावकलाई कम्तीमा एक दिनको अभिभावक शिक्षा व्यवस्थापन गर्ने। | निरन्तर | २ लाख |
| २२. | शिक्षालाई सर्वशुलभ र पहुँचयुक्त बनाउन माध्यमिक विद्यालयहरुमा सवारी साधनको व्यवस्थापन गर्ने । | २०८८ भित्र | १३५ लाख |
| २३. | सञ्चालनमा रहेका प्राविधिक शिक्षालाई व्यवस्थित गरी थप प्राविधिक विद्यालयको स्थापना गर्ने। | २०८६ भित्र | १० लाख |
| २४. | प्रधानाध्यापकहरुसँग गाँउपालिकाले करार गरेर निश्चित प्रतिशत सिकाइ उपलव्धि प्राप्त गर्न जिम्मेवार बनाइनेछ | निरन्तर | ० |
| २५. | सामुदायिक अध्ययन केन्द्र मार्फत परम्परागत सीप र दक्षता संरक्षण र विकास कार्यलाई निरन्तरता गर्ने। | निरन्तर | ४ लाख |
| २६. | बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री, बाल उद्यानको व्यवस्थापन गर्ने। | निरन्तर | १० लाख |
| २७. | विद्यार्थी केन्द्रित शिक्षण र परियोजना कार्यमा प्राथमिकता दिनेबारेमा शिक्षकहरुलाई तालिमको व्यवस्थापन गर्ने। | निरन्तर | २.५ लाख |